भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

लकडाउनको समयमा स्वयंसेवकले खाना वितरण गरिरहँदा मानिसहरू सामाजिक दुरी कायम गरेर पालो कुर्दै
तस्बिर: रयेटर्स

तपाईको परिवारमा जेष्ठ नागरिक हुनुहुन्छ ? पूर्व तयारी के गर्ने ?

१. संकटमा सहयोग गर्न सक्ने व्यक्ति, संस्था वा सेवा प्रदायक र यसका नेटवर्क बारे जानकारी राख्ने।

२. नजिकको स्वास्थ्य संस्था वा वडा अध्यक्षको सम्पर्क नम्बर सुरक्षित राख्ने।

३. नजिकको एम्बुलेन्स सेवा सम्बन्धी जानकारी राख्ने।

४. स्वास्थ्य सम्बन्धी हटलाईन नम्बर ११३३ र १११५ याद राख्ने।

५. संक्रमणको लक्षण देखा परेमा वा संक्रमण भईहालेमा कसले के गर्ने भनेर भुमिका बाँडफाँड गर्ने।

माथी उल्लेख गरिएका महत्वपूर्ण कुरामा ध्यान दिनुहोस् । यसरी तयारी गर्दा तपाईको परिवारको सदस्य बिरामी पर्दा अलमलमा पर्नु पर्दैन ।

हल्ला र तथ्य

सरकारले निजि तथा गैर सरकारी संस्थालाई सूचना प्रवाह गर्ने मोबाईल Apps बनाउन रोक लगायो भन्छन नि।

कोभिडसंग सम्बन्धीत विवरण स्थानीय स्तरमा संकलन गरी सो को प्रतिवेदन जिल्ला, प्रदेश र संघिय सरकारका निकायमा सहजता ल्याउने उद्देश्यले "विपद व्यवस्थापन सूचना प्रणाली" विकास गरी स्थानीय स्तरमा यसको कार्यान्वयन भईरहेको छ । कतिपय गैर सरकारी संस्थाहरुले यस्तै प्रकारका Software विकास गरी सञ्चालनमा ल्याएकोले, स्रोत साधनमा दोहोरोपन हुने, सूचनामा विविधता र अविश्वसनियता बढाउने भएकोले नेपाल सरकारले सरोकारवाला निकायलाई यस्ता Apps र Software प्रयोग नगर्न निर्देशन दिएको छ ।

लकडाउनको समयमा सरकारले घरघरमा खाना पुऱ्याउँछ भन्थे, कुरा मात्र हो कि काम पनि भईरहेको छ ?

हालको विषम परिस्थितिमा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले अत्यावश्यक खाद्य वस्तुहरु घुम्ती सेवा पसल मार्फत पालिकाहरुको अनुरोधलाई समेत ध्यान दिई बिक्रि वितरण गरिरहेको छ । यदी कुनै टोल/क्षेत्रमा आवश्यक भएमा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडलाई सेवाको लागि अनुरोध गर्न सकिन्छ ।

अब सबै होटलहरु बन्द हुन्छन् रे । त्यहाँ काम गर्ने कर्मचारीको व्यवस्थापन कसरी हुन्छ ?

होटल संघ नेपालले ठुला होटलहरु ६ महिनाका लागि बन्द गर्ने निर्णय गरेको हो । कामदारको पारिश्रमिकको हकमा सरकारले लकडाउनको अवधिभर ५०% तुरुन्तै र बाँकी ५०% का लागि बैंक बाट सहुलियत व्याजदरमा ऋण लिन सक्ने भनेको थियो । तर, होटल संघले भने कर्मचारीलाई ६ महिनासम्म कर्मचारीलाई आधारभुत तलबको १२.५% मात्र दिने निर्णय गरेको छ । आफ्नो निर्णयमा असहमत कर्मचारीलाई श्रम ऐन अनुसार सूचना दिएर कर्मचारी कटौती गर्ने निर्णय गरेको छ ।

सरकारले कुनै कुनै ठाउँमा लकडाउन खुकुलो बनाउने निर्णय गऱ्यो रे ।

सरकारले अबको लकडाउनको प्रारुप कस्तो हुने भनी त्यसको मापदण्ड बनाउन गृहकार्य गरे पनि ठोस निर्णय लिईसकोको अवस्था छैन । स्वास्थ्य सम्बन्धी तथ्यांक र वैज्ञानीक विश्लेषणका आधारमा क्षेत्र निर्धारण गरी रणनीति बनाउने सरकारले यस अघि नै जनाईसकेको छ ।

सूचनाका स्रोतहरु

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोरोना कोष सञ्चालन निर्देशिका, २०७६

कोभिड(१९ को अवस्थाअ

कृषि तथा पशुपंछी विकास मन्त्रालय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

accountabilitylab NEPAL

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब	कुवेत	बहराईन	कतार	युएई	ओमान	मलेसिया	दक्षिण कोरिया
३,५२,६६७ नेपाली	८२,६३० नेपाली	२८,२७६ नेपाली	४,३७,००९ नेपाली	२,३१,०८८ नेपाली	८,२५० नेपाली	४,६९,१३१ नेपाली	५३,६९१ नेपाली
२१,४०२ संक्रमित	३,७४० संक्रमित	२,९२१ संक्रमित	१२,५६४ संक्रमित	११,९२९ संक्रमित	२,३४८ संक्रमित	५,९५४ संक्रमित	१०,७६५ संक्रमित
४ नेपाली संक्रमित	२१ नेपाली संक्रमित	४९ नेपाली संक्रमित	२ नेपाली संक्रमित	७१ नेपाली संक्रमित		३ नेपाली संक्रमित	

ShramikSanjal

श्रमिक द्धारा #ghar_jana_pau "घर जान पाउँ" अभियान को सुरुवात

प्रदेशमा रहेका हजारौं श्रमिकहरु देशमा भएको लकडाउनको समस्याले आफ्नो देश फर्किन पाएका छैनन्। बिषेश गरेर जो यस्तो पिडामा छन् उनिहरुको लागी कोरोना भाईरस भन्दा पनि ठूलो समस्या खान र बस्नको भएको छ।

यस्तो पिडामा पर्ने श्रमिकहरु:

- कम्पनिले काम बाट निकालेका।
- आँफै कामबाट राजिनामा दिएर घर जान ठिक्क परेका।
- कम्पनिनै बन्द भएर रोजगार गुमाएका।
- कम्पनिले लामो समयको लागी आफ्नो देशमै गएर बेतलबी बिदामा बस्नु, काम सुरु भएपछी फोन गर्छौं भनेका।
- भिजिट भिषामा भएका तर, भिषाको म्याद सकिएका, पैसा पनि सकिएका र खान बस्न समस्यामा परेका।
- कम्पनीले तलब कटौती गर्दा आफ्नो परीवारलाई नेपाल फर्काउन चहेका श्रमिकहरु।
- कोरोना बाहेक अन्य बिभिन्न रोग लागेका सम्बन्धीत देशमा उपचार गर्न पनि महंगो हुने मेडिकल कार्ड पनि नभएकाहरु।

यस्तो समस्यामा परेका श्रमिक यति बेला आफ्नो घर फर्किन चहान्छन्। यसैकुरालाई मध्यनजर गर्दै, अफ्ठेरोमा परेका श्रमिकलाई देश फर्किन दिने बातावरण बानउन सरकारलाई दवाब दिने उद्देश्यका साथ श्रमिक संन्जालको पहलमा अन्य ४ वटा संस्थाहरु (CMIR, LAPSOJ, Equidem Research, Samata Foundation) मिलेर श्रमिकहरुको आवाजलाई अगाडी ल्याउन एउटा भभियान सुरु गरीएको छ "घर जान पाउँ" #ghar_jana_pau

accountabilitylab NEPAL

$ फलो द मनी

संघिय सरकार

तिन पटक गरेर नेपाल सरकार
अर्थ मन्त्रालय मार्फत छुट्याईएको
करिब १ अर्व ४८ करोड
कोरोना भाईरस जोखिम नियन्त्रण,
रोकथाम तथा नियन्त्रण कोषमा जम्मा
करिब २ अर्व १६ करोड

कोरोना भाईरस विरुद्धका गतिविधिमा
नेपाल सरकारले गरेको खर्च
करिब १ अर्व ५० करोड



जम्मा | खर्च

दातृसंस्था

ए.डि.बि.
करिब ७ अर्व २० करोड

विश्व बैंक
करिब ३ अर्व ४८ करोड

आई.एम.एफ.
करिब १३ अर्व ९ करोड

युरोपियन युनियन
करिब ९ अर्व ८० करोड

प्रदेश	जम्मा रकम	खर्च गरिएको रकम	बाँकी रकम
प्रदेश १	करिब २८ करोड ८२ लाख	करिब १२ करोड ६ लाख	करिब १६ करोड ७६ लाख
प्रदेश २	६१ करोड	१७ करोड ७० लाख	४३ करोड ३० लाख
बागमती प्रदेश	४० करोड	१२ करोड ३२ लाख	१७ करोड ७५ लाख
गण्डकी प्रदेश	करिब १५ करोड	९ करोड २० लाख	५ करोड ८० लाख
प्रदेश ५	२३ करोड ६० लाख	१३ करोड ६० लाख	१० करोड
कर्णाली प्रदेश	५० करोड	१३ करोड २० लाख	३६ करोड ८० लाख
सुदुरपश्चिम प्रदेश	करिब ४० करोड २७ लाख	२० करोड १९ लाख	२० करोड ८ लाख

नोटः यो विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो।
थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं ।

accountabilitylab NEPAL

संक्रमण रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापन

कोरोनाका शंकासपद र संक्रमित बिरामीको उपचारको क्रममा निस्कने फोहोर मैला व्यवस्थापन, सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य विज्ञान विभागले तयार गरेको "स्वास्थ्य सेवा फोहोर व्यवस्थापन निर्देशिका २०१४" अनुसार भईरहेको छ। जस अनुसार उपचारका क्रममा निस्किएका सबैखाले फोहोरलाई संक्रमणयुक्त फोहोरमा गणना गर्नु पर्नेछ।

संक्रमण युक्त फोहोर व्यवस्थापन गर्ने केही महत्वपूर्ण बुँदाहरु

- फोहोरमैला व्यवस्थापनमा संलग्न व्यक्तिले पिपिइको प्रयोग गर्न जरुरी छ । जसमा चस्मा, अनुहार छोप्ने कभर, सर्जिकल मास्क, बाक्लो पञ्जा, गाउन, पानिबाट जोगाउने एप्रोन र गमबुट हुन जरुरी छ।

- संक्रमण युक्त फोहोरलाई अन्य फोहोरमा नमिसाउने र सकेसम्म संक्रमण युक्त फोहोरको मात्रा कम गर्ने प्रयास गर्ने।

- संक्रमण युक्त फोहोर राख्ने झोला तथा कन्टेनरमा संक्रमण युक्त फोहोरका लागि प्रयोग हुने अन्तरराष्ट्रिय मान्यता प्राप्त संकेत चिन्ह प्रयोग गर्ने ।

- संक्रमण युक्त फोहोरलाई छुट्टै ट्रलीमा राखेर ओसार्ने ।

- मापदण्ड अनुसार फोहोरलाई व्यवस्थित रुपमा प्याकेजिङ गर्ने, लेबलिङ गर्ने र सुरक्षित तरिकाले तोकिएको ल्याण्ड फिल्ड साईट सम्म पुऱ्याउने जिम्मेवारी सम्बन्धीत फोहोर उत्पादक स्वास्थ्य संस्थाको हुनेछ ।

- संक्रमण युक्त फोहोरलाई मान्यता प्राप्त उपचार विधिको प्रयोग गरी व्यवस्थापन गर्नु पर्दछ । एक पटक छुट्याईसके पश्चात त्यही अनुसार फोहोरलाई नष्ट गर्नु पर्दछ ।

- सामान्यतया, संक्रमण युक्त फोहोर नष्ट गर्न अटोक्लेभ्स, निसंक्रमण गर्ने रसायन, सेनिटरी ल्याण्डफिल्डको प्रयोग गर्नु पर्दछ ।

सही सूचना

थोरै संख्यामा महिला संक्रमितले कोभिड - १९ को परिक्षणमा लैङ्गिक आधारलाई ध्यान दिनुपर्ने कुरालाई जोड दिएको छ ।

कोभिड - १९ संक्रमितको लिङ्ग र उमेर समुह



माथिको ग्राफले नेपालमा विभिन्न उमेर समुहमा कोभिड - १९ बाट संक्रमितको संख्या देखाउछ। यहाँ ध्यान दिनुपर्ने मुख्य कुरा भनेको हरेक उमेर समुहमा संक्रमित पुरुषको संख्या महिला भन्दा तिन गुणा बढी छ। यसको आधारमा अब ध्यान दिनु पर्ने भनेको, १) उदयपुर र बाँकेको नेपालगञ्जमा थोरै संख्यामा महिलालाई परिक्षण गरिएको हुनसक्छ अथवा, २) नेपालमा वैदेशिक रोजगारीबाट आएकामा रोगको संक्रमण बढी छ, नेपालको सन्दर्भमा वैदेशिक रोजगारीमा जाने महिलाको संख्या थोरै छ। जे भए पनि परिक्षण गर्दा लैङ्गिक आधारलाई ध्यान दिन जरुरी छ। अर्को महत्वपूर्ण कुरा भनेको, विदेशबाट आउनेलाई परिवारको सम्पर्कमा आउन नदिई सिधै क्वारेन्टाईनमा पठाउनुको प्रभाव पनि हुन सक्छ।

नोटः यो ग्राफमा हालसम्म पत्ता लागेका कोभिड - १९ प्रभावित ७५ जना मध्ये ७४ जनालाई समावेश गरिएको छ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219